# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इभाङ,इलाम

पत्र संख्याः २०७९/०८०
च.नं: २३८

१ नं.प्रदेश,नेपाल
मिति-२०७९।०६।२६

## सिलबन्दी बोलपत्र आह्वानको सुचना

**दोस्रो पटक सूचना प्रकाशित भएको मिति २०७९ असोज २६ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट भएको निर्णय अनुसार आ. व. २०७९/०८० का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम तपशीलमा उल्लिखित नदीहरुको स्वीकृत स्थलहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पद्दार्थ उत्खनन् गरी माङसेबुङ गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित तपशील बमोजिमका शर्तहरुको अधीनमा रही **HARD COPY** मार्फत् बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फि.) | न्यूनतम बोलपत्र रकम (मू.अ. कर बाहेक) रु. | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 1 | 01/MRM/Revenue/2079-80 | Collection and Extraction of Natural River Bed materials Sand, Gravel and Boulder at<br>1. Deumai Khola, Phakphok Dovan, Lamphewa Baramure, Lamphewa Dovan Baramure, Gajurmukhi | 312228.0 | 14,00,000.0 | 1,000.0 |

पत्र संख्याः २०७९/०८०

च.नं: २३६

१ नं.प्रदेश,नेपाल

मिति-२०७९।०६।२६

| | | | | | |
|---|---|---|---|---|---|
| | | Dham Khel Maidan Chheu. Mangsebung - 1 Section<br>2. Phewa Khola Ghat 1, Ghat 2, Sumsajung. Mangsebung 1 & 2 Section | | | |
| 2 | 02/MRM/Revenue/2079-80 | Collection and Extraction of Natural River Bed materials Sand, Gravel and Boulder at<br>1. Mewa Khola, Phulungi, Deumai Khola, Mangsebung- 2 & 3<br>2. Mai Khola, Phulungi, Deumai Khola, Mangsebung - 3 Section | 176400.0 | 10,00,000.0 | 1000.0 |

**शर्तहरु**

१. बोलपत्र फाराम फर्म दर्ता प्रमाण पत्र, नविकरण भएको प्रमाण–पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण–पत्र तथा आ.व.०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी सूचनामा उल्लेखित मिति, समय र स्थानमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको समयमा यस कार्यालयको नाममा सिटिजन्स् बैंक इन्टरनेशनललि. माङसेबुङ शाखामा रहेको आन्तरिक राजश्वखाता नं. ०६९०१००००००१२०२ मा बोलपत्र फारम दस्तुर दाखिला गरेको सक्कलभौचर संलग्न राखी खरिद गरि १६ औ दिनको १२:०० बजे भित्र नेपाली नागरिक भए आफूले कबोल गरेको ठेक्का अंक (मु. अ. कर सहित) को ५% र गैर नेपाली नागरिक भए १०% धरौटी रकम यस कार्यालयको नाममा सिटिजन्स् बैंक इन्टरनेशनललि. माङसेबुङ शाखामा रहेको धरौटी खाता नं ०६९०१००००००२९२०१ मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट नेपाल राष्ट्र वैंकवाट मान्यता प्रास बाणिज्य वैकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको जमानतपत्र (विडवण्ड) शिलबन्दी बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ती, फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ।

२. रितपुर्वक दाखिला भएका बोलपत्रहरु नजिकको कार्यालय प्रतिनिधि र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहेवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. रित नपुगी म्याद नाघी आएको वा कुनै शर्त राखी आएका बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन । गाउँपालिकालाई तिर्न बुझाउन बांकी बक्यौता रहेका व्यक्ति, कम्पनी वा फर्मलाई ठेक्का प्रकृयामा संलग्न गरिने छैन ।

४. स्वीकृत बोलपत्र दाताले कबोल बमोजिमको बार्षिक ठेक्का रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट दिन सकिनेछ । स्वीकृत बोलपत्र दाताले किस्ता बन्दिमा रकम बुझाउन चाहेमा कबोल अंकको ४० (चालीस) प्रतिशतले हुनआउने रकम स्थानीय सञ्चितकोष खातामा जम्मा गरी बांकी ६० रकम प्रतिशत बराबरको ठेक्का सम्झौता अवधिसम्मको समयावधि भएको बाणिज्य बैंकको कार्य सम्पादन जमानत पेश गरेपछि मात्र सम्झौता गरिनेछ । दोस्रो किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम पुषमसान्त भित्र र अन्तिम किस्ता कबोल अंकको ३० प्रतिशतले हुने रकम बैशाख मसान्त भित्र कार्यालयमा जम्मा गरी सक्नु पर्नेछ ।

५. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँ कार्यपालिकामा सुरक्षित रहनेछ । तर कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धि माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

६. ठेक्का रकम असुली सम्बन्धि प्रशासनीक खर्च ठेकेदार आफैंले बेहोर्नु पर्नेछ र प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर आदी बुझाउनु पर्ने दायित्व ठेकेदारको हुनेछ । कर असुलीगर्न नगदी रसिद ठेकेदारले आफनो तर्फबाट छपाई यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्ने छ

७. बोलपत्र खरिद र दाखिला गर्ने अन्तीम दिन सार्वजानिक बिदा परेमा सोको भोली पल्ट तोकिएको समय भित्रखरिद तथा दाखिला गर्न सकिने छ ।

८. बोलपत्र फारममा कबोल रकमअंक र अक्षरमा स्पष्ट लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।।

९. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इभाङ,इलाम

पत्र संख्याः २०७९/०८०

च.नं: २३६

१ नं.प्रदेश,नेपाल

मिति-२०७९।०६।२६


१०. थप जानकारीका लागि यस कार्यालयमा वा सूचना अधिकारी ओम प्रकाश खड्का मो. नं. ९८५११६६४९६ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

ओम प्रकाश खड्का

**नि.प्रमुख प्रशासकीय अधिकृत**

नि.प्रमुख प्रशासकीय